**कार्यक्रम : घरेलु महिला हिंसा पीडितशास्त्रीय मूल्याङ्कन र नेपाली साहित्यमा नारी पात्र शीर्षकमा छलफल**

मिति २०६८/८/१६ गते राष्ट्रिय महिला आयोगद्वारा हिसां विरुद्धको अन्तराष्ट्रिय १६ दिने अभियान अन्तर्गत घरेलु महिला हिंसा पीडितशास्त्रीय मूल्याङ्कन र नेपाली साहित्यमा नारी पात्र शीर्षकमा कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रममा घरेलु महिला हिंसा पीडितशास्त्रीय मूल्याङ्कन शीर्षकमा डा.शंङ्कर कुमार श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने टिप्पणी अधिवक्ता इन्दु तुलाधरबाट भएको थियो र नेपाली साहित्यमा नारी पात्र शीर्षकमा मोमिला जोशीले कार्यपत्र प्रस्तुत गर्नुभयो भने टिप्पणी श्रदा शर्माले गर्नुभएको थियो।

डा. शंङ्कर कुमार श्रेष्ठले आफनो कार्यपत्र प्रस्तुत गर्नेक्रममा हाम्रो देशको कानुन पीडित केन्द्रित नभएको गुनासो व्यक्त गर्नुभयो। उहाँले भन्नुभयोः "राज्यले त्यस्ता पीडितहरुलाई अनादर गर्छ जो कल्याणकारी राज्यस्थापना गर्ने एकल श्रोत हुन् । यो देशमा पीडित अपराधबाट एकपटक पीडित हुन्छ भने पछि न्यायको लागि लड्दा देशबाट पटक पटक पिडित हुनपुग्छ ।" उहाले राज्यले पीडितको मन जित्न कहिल्यै नसकेको र पीडितप्रतिको जिम्मेवारी कहिल्यै वहन नगरेको गुनासो कार्यपत्रबाट प्रष्ट पार्नुभयो। तसर्थ उहाले आफनो कार्यपत्रमा देशको कानुन पीडितकेन्द्रित हुनुपर्ने,देशले पिडितको अभिभावकत्व ग्रहण गर्नुपर्ने,पिडितको सुरक्षा र आर्थिक व्यवभार देशले नै बेर्होनुपर्ने लगायतका कुरामा विशेष जोड दिनुभएको थियो।

त्यसैगरी , इन्दु तुलाधरले डा. शंङ्कर कुमार श्रेष्ठको कार्यपत्रमा सहमति जनाउदै देशको कानुन पिडितकेन्द्रित हुनुपर्ने कुरामा जोड दिनुभयो। उहाँले महिला हिंसाको मूल कारकतत्व पितृसत्तात्मक समाज हो र यसको समाधानको निमित देशले पीडितकेन्द्रित कानुन कनाउनुपर्ने र पीडितको संरक्षणमा विशेष जोड दिनुपर्ने कुरा प्रष्ट पार्नुभयो।

मोमिला जोशीले "नेपाली साहित्यमा नारी पात्र" शीर्षकमा आफनो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँले आफनो प्रस्तुतिमा सहित्यको भूमिकाको विशलेषण गर्दै साहित्यले व्यतिको मन परिवर्तज गर्नसक्ने,संस्कृतिको परिवर्तन गर्नसक्ने र अन्ततः राज्यको सुधार गर्न सक्ने कुरा उल्लेख गर्नुभयो। उहाँले आफनो प्रस्तुतीमा नारीमुक्ति र नारी अस्तित्वमा कन्द्रित भएर लेखिएका साहित्यिक कृतिहरुको चर्चा गर्नुभएको थियो। साहित्यिक कृतिमा पितृसत्तात्मक समाजलाई परिवर्तन गर्ने नारी विद्रोहलाई मूल आधार बनाई,नारी पनि अधिकारकालागि लडनसक्छन र आत्मनिर्भर बन्नसक्छन भन्ने कुरा व्यक्त गर्नुभएको थियो।

उहाँको भनाइलाई सहमत गर्दै कार्यक्रमका टिप्पणीकर्ता श्रदा शर्माले साहित्य पनि हिसांबिरुद्धको अभियानको एउटा सशक्त माध्यम हुनसक्ने कुरा बताउनुभयो। साहित्य पढेर नै मानिसमा चेतना आउने कुरालाई प्रष्ट पार्दै देशको कानुनले गर्न नसक्ने काम साहित्यद्वारा हुनसक्ने कुरा बताउनुभयो।साथै, मोमिलाज्यूको कार्यपत्र शैली निकै ज्ञानमुलक र रोचक लागेको कुराको टिप्पणी गर्नुभयो।

अन्तिमा, राष्ट्रिय महिला आयोगका सदस्य मोना अनसारीज्यूबाट कार्यक्रमको समापन भएको थियो।